# सर-सफाई सम्वन्धी लहान नगरपालिकाको

# अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०७६/०५/०५)

हाम्रो लहान, समृद्ध लहानको परिकल्पनालाई साकार पार्न यस नगरपलिकाबाट विभिन्न अभियानहरु संचालन हुँदै आईरहेको र स्वच्छ, सफा र सुन्दर नगर निर्माण गर्न सहयोग पऱ्याउने उद्देश्यले मिति २०७६/०४/०९ गतेको सर्व पक्षीय, सर्वदलीय निर्णय वमोजिम सार्वजनिक सूचना प्रकाशित गरी जानकारी गराए वमोजिम स्थानीय सरकार संचालन ऐन, २०७४ मा व्यवस्था भए अनुसार स्थानीय तहको क्षेत्राधिकार भित्र रही यस नगरपालिकाबाट मिति २०७६ साल भदौ १५ गते देखि निम्न विषयहरु पूर्णरुपले लागु गरी कडाईका साथ नियमन गरिने हुँदा आ-आफ्नो तह/क्षेत्रबाट सो अनुसार गरी गराई सहयोग पुऱ्याई दिन सम्पूर्ण नगरवासी तथा सरोकारवालाहरुको जानकारीका लागि सरसफाई सम्वन्धी यो *अत्यन्त जरुरी सार्वजनिक सूचना* जारी गरिएको छ ।

तपसिलः-

०१. वडा नं. १, ३, ४, ५, ६, ७, ८, ९र१० मा कुनै पनि फोहर सडक फुटपाथमा थुपार्न/फाल्न पाईनेछैन । साथै बाँकी रहेको अन्य वडाहरुमा वडा कार्यालय तथा वडा टोल सुधार समितिको निर्णय वमोजिम फोहर व्यवस्थापन गर्नुपर्नेछ ।

०२. सार्वजनिक ऐलानी पर्ती र सडक क्षेत्र अतिक्रमण गरी निर्माण गरेका घर, टहरा, पर्खाल, छाप्रो आदि संरचनाहरु भदौ १५ गतेभित्र अनिवार्यरुपले हटाई सार्वजनिक क्षेत्र खाली गर्नुपर्नेछ । खाली नगरेमा नगर पालिकाबाट हटाईनेछ र सोमा लाग्ने सम्पूर्ण खर्च सम्वन्धित व्यक्ति/संस्थाबाट असुल उपर गरिनेछ ।

०३. सडक, बजार तथा खुल्ला सार्वजनिक स्थानमा पशु/चौपायालाई छाडा छाड्न निषेध गरिएको छ । पशु/चैपाया छाडा छाडेको पाईएमा नियन्त्रणमा लिई सम्वन्धित धनीलाई जरिवाना गरिनेछ ।

०४. अनाधिकृतरुपले सडक क्षेत्रमा सवारी साधन पार्किङ्ग गर्न पाईनेछैन । नगरपालिकाबाट तोकिएको स्थानमा मात्र पार्किङ्ग गर्न पाईनेछ ।

०५. सार्वजनिक स्थानमा अरुलाई असर पर्ने गरी ठूलो स्वरमा डि.जे. वा अन्य वाजा बिना अनुमति वजाई ध्वनी प्रदुषण गर्न पाईनेछैन् ।

०६. कालोपत्रे सडकमा जथाभावी खाल्डो खन्ने, बाँस, पोल आदि गाड्ने कार्य र सडक क्षेत्रमा गिट्टी, वालुवा, ईटा, ढुंगा, छड आदि जस्ता निर्माण सामाग्रीहरु राख्न पाईने छैन ।

०७. खुल्ला क्षेत्रमा दिसा गर्न निषेध गरिएको छ ।

०८. उल्लेखित सूचनाको वर्खिलाप कसैले अटेर गरे/गराएको पाईएमा रु. १००।- देखि रु. ५,०००।- सम्म जरिवाना गरिनेछ । साथै निर्माण सामाग्री जफत गरी लिलाम विक्री जस्ता कार्यवाही गरी असुल उपर गरिनेछ ।

**लहान नगरपालिका**
लहान (सिरहा)